**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 2, Issue 1, June 2024, pp 136-154
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: rmcbhojpur@gmail.com

# नेपाली राजनीतिमा महिलाको छायाँ प्रतिनिधित्व

चक्रबहादुर कार्की
विद्यावारिधी अनुसन्धानरत समाजशास्त्र, केन्द्रीय विभाग कीर्तिपुर, त्रि.वि.

***Article History:*** Submitted 9 April 2024; Reviewed 11 May 2024; Revised 9 June 2024
***Corresponding Author:*** Chakra Bahadur Karki, Email: chakrakarki333@gmail.com
***DOI:*..........................................................**

**अध्ययनसार**

*प्रस्तुत अध्ययन राजनीतिक बृत्तमा आवद्ध राजनीतिकर्मी महिला कार्यकर्ताहरुको राजनीतिक संघर्ष र जीवनगाथामा सम्बन्धित रहेकाले चयनीय महिलाहरुको राजनीतिक अनुभवलाई नै मुख्य आधार बनाई विश्लेषण गरिएको छ । छायाँ प्रतिनिधित्वमा महिलाहरु माननीयका रुपमा राजनीतिक नेतृत्वमा देखिए पनि उक्त उपस्थिती कानूनी प्राबधान पूरा गर्ने संख्यात्मक उपस्थितिलाई जनाउँदछ र त्यहाँ गुणात्मक उपस्थिति कमजोर रहन्छ । प्रतिनिधित्व गर्ने महिलालाई राजनीतिक दलको ह्वीप (कोर्रा) ले नियन्त्रित र प्रभावित पार्दछ । नीति निर्माण र योजना तर्जुमा गर्ने प्रमुख कार्यकारी राजनीतिक पदहरु पुरुष नेताहरुकै नियन्त्रणमा हुन्छ । पुरुषप्रधान परिधिमा राजनीतिक प्रतिनिधित्वको गणतान्त्रिक खेल पुरुष कै मैदानका रुपमा सिद्ध छ । ३३ प्रतिशत आरक्षणको प्रस्थान बिन्दु वि. सं. २०६३ सालको अन्तरिम संविधान थियो, भने वि. सं. २०७२ को संविधानले पूर्णरुपमा वैधानिकता प्रदान गऱ्यो । ३३ प्रतिशतको मुख्य उद्देश्य सीमान्तकृत र मूलप्रवाहमा पुग्न नसकेका समावेशी समूहहरुलाई राजनीतिक सशीक्तकरण गर्नु थियो । तर आज राजनीतिक दलबाटै यसको दुरुपयोग भएको छ । आरक्षण कोटा क्षमता भएका र राजनीतिमा योगदान पुऱ्याएका सर्वसाधरण र पहुँचविहीन महिलाको सट्टा कुलीन घराना र राजनीतिक परिवारका महिलालाई समानुपातिकको माध्यमबाट प्रतिनिधित्व गराएको देखिन्छ । अध्ययन क्षेत्रका राजनीतिकर्मी महिला कार्यकर्ताहरुका संकथन अनुसार समानुपातिक तर्फबाट प्रतिनिधित्व गर्ने महिलाहरुको स्वार्थ निम्नमध्यम र निम्नवर्गका महिलाहरुसँग मिल्दैन । उच्च वर्गका महिलाले सर्वसाधरण महिलाका भावनालाई बुझेका पनि हुँदैनन् । समाजमा महिला र पुरुष बीच स्रोत र अवसरहरुको असमान वितरण हुँदा मुलुक अपेक्षित विकासको मार्गमा पुग्न सक्दैन । महिलाको अर्थपूर्ण राजनैतिक प्रतिनिधित्व हुनका लागि संविधानमा नै चुनावी वित्तकोषको ब्यबस्था गरिनुपर्दछ । किनकि, चुनाबको प्रचारप्रसारमा ठूलो धनराशी खर्चिएर चुनाव*

*लड्नुपर्ने विकृत राजनीतिक परिपाटीलेनिम्नवर्गका महिलाले उक्त खर्च ब्यबस्थापन गर्न सक्दैनन्* ।

**शब्दकुञ्जी** : महिला, राजनीतिक प्रतिनिधित्व, अस्थिरता, विप्रेषण अर्थतन्त्र र पितृसत्तात्मक परिधि ।

**अध्ययनको परिचय**

अङ्ग्रजी शब्दकोशका अनुसार राजनीति भनेको त्यस्ता कर्म वा क्रियाकलाप हो, जसद्वारा मानिसहरूले कुनै देश वा सङ्गठनमा शक्ति प्राप्त गर्दछन् (*Collins English Dictionary*, 2023)। नेपाली महिलाको राजनीतिक प्रतिनिधित्वलाई राजनीतिक संरचना र निर्णय प्रक्रियामा महिलाको सक्रिय र अर्थपूर्ण सहभागीताका रुपमा परिभाषित गर्न सकिन्छ । उत्तरआधुनिकताले ल्याएको विप्रेषण अर्थतन्त्र र आयातमुखी बजारकेन्द्रीत सामाजिक राजनीतिक आयाममा महिलाको अर्थपूर्ण प्रतिनिधित्वले महिलाको सशक्तीकरणमा लैङ्गिक असमानतालाई निरन्तरता दिने प्रणालीको परिवर्तनका लागि वकालत गर्दछ । यसले महिलाको सीमान्तीकरण र राजनीतिक शक्तिबाट बहिष्कारको अनुभवलाई आकार प्रदान गर्ने लैङ्गिक र बर्गको अन्तरसम्वन्धलाई पहिचान र सम्बोधन गर्दछ । नेपालमा दुईवटा जनआन्दोलन र माओवादी सशस्त्रद्वन्द्वका बलमा महिला सशक्तीकरणको आन्दोलनले ३३ प्रतिशत आरक्षणबाट महिलाको राजनीतिक प्रतिनिधित्वको पृष्टभूमि तयार भएको देखिन्छ । तर पनि पुरुषप्रधान परिधिमा नेपाली महिलाको भौतिक उपस्थिति मात्र हुँदा उनीहरुको राजनीतिक प्रतिनिधित्व छायाँमा रहेको देखिन्छ । त्यसकारण राजनीतिक दलका केही पुरुष नेताहरुले राजनीतिको बाघडोर सम्हाली रहँदा उनीहरुको तहमा प्रतिस्पर्धा गर्ने महिला नेतृहरु देखिन्दैनन् ।

महिलाको अर्थपूर्ण राजनीतिक प्रतिनिधित्वले परम्परागत शक्तिको गतिशीलता र पदानुक्रममा बाधा पुऱ्याउँन सक्छ, पितृसत्तात्मक परिधिलाई चुनौती दिन र फराकिलो सामाजिक र आर्थिक न्यायका एजेण्डाहरु अगाडि बढाउँन महिलाहरुबीच सामूहिक कार्य र ऐक्यबद्धताको आवश्यबता छ ।नेपालमा महिलाको राजनीतिक सक्रियता सन् १९१८ बाट सुरुवात भएको हो । महिला मुक्ति र अधिकारका लागि खुलेको पहिलो “नारी समिति” भोजपुर नेपालेडाँडा सिम्लेमा जन्मिएकी योगमाया न्यौपानेको अध्यक्षतामा स्थापना भएको थियो (Aziz, 2001, pp. 3–5) । योगमायाको संघर्ष समाजसुधारको धारबाट प्रेरित थियो ।रसियाको बोल्सेभिक आन्दोलन र म्याक्सिम गोर्कीको आमा उपन्यासबाट प्रेरित भएर सन् १९४५ मा रेवन्तकुमारी आचार्यले पहिलो राजनीतिक संगठन नेपाली काँग्रेसको भातृसंघका रुपमा आदर्श महिला संघको स्थापना गरेकी थिइन (Fisher, J. (1997) । सन १७९३ मा कर्क प्याट्रिक नेपाल आएका थिए । उनले महिलाका बारेमा चर्चा गर्दै पुरुषलाई लोग्ने मानिस र महिलालाई स्वास्नी मानिस भनिन्थ्यो भनेका छन (Kirkpatrick, 1969, p. 221)। स्वास्नी शब्दले भार्य वाश्रीमतीको अर्थ दिन्छ, अतितमा महिलालाई स्वास्नी मानिस भन्ने चलन पितृसत्तात्मक सोचबाट विकसित भएको थियो । तर महिला शब्दको

अर्थ सम्मानित र सशक्तीकृत नारी भन्ने हुन्छ । सन् १९४७ मा मंगलादेवी सिंहले नेपाल महिला संघको स्थापना गरिन (Upreti et al., 2020, p. 83)। यी महिला संगठनहरुको उद्देश्य अर्धसामन्ती र अर्ध उपनिवेशतामा रहेको राणा शासनको विरुद्ध महिलाहरुलाई संगठित रुपमा परिचालन गर्ने थियो ।

संवैधानिक विकासक्रम हेर्दा वि. सं. २०४७ सालको संविधान देखि मात्र 'महिला' शब्द प्रयोगमा आएको देखिन्छ (नेपाल सरकार, २०७२) । यस अघिका संविधानहरुमा स्त्री, नारी र स्वास्नी मानिस प्रयोग भएका छन् । यसर्थ 'महिला' शब्द सामाजिक सांस्कृतिक र संवैधानिक उच्चतम स्वतन्त्र राजनीतिक पहिचानका रुपमा स्थापित भएको देखिन्छ । संस्कृतमा 'महि' शब्दको अर्थ धर्ती (आप्टे, १९६९) हुन्छ । धर्तीले अन्न दिएर जगत बचाउँने काम गरे झैं महिलाले पनि आफ्ना सन्ततीलाई रक्षा गर्दछिन भनिएको छ । महिलालाई पृथ्वीजस्तै अटल र समाजको भार बहन गर्न सक्ने र समाजमा गरिमाको प्रतीकका रुपमा हेर्न सकिन्छ । तर क्षयउन्मुख समाजको निर्माणसँगै महिलाका प्रतिकात्मक स्वरुपहरु देवी, नारी, स्त्री, आमा, कन्या जस्ता छविहरु कमजोर बन्दै गएको आभास हुन्छ । तर नेपाली राजनैतिक बृत्तमा महिलाको संघर्ष, प्रजातान्त्रिक आन्दोलन, अन्तर्राष्ट्रिय राजनीतिक अभ्यासहरु, सामाजिक चेतना र संबैधानिक तथा कानूनी ब्यवस्थाका कारण महिला सशक्तीकरण केहीहदसम्म बृद्धि भएको छ ।

हालसम्म महिलाको राजनीतिक प्रतिनिधित्वमा भएका अध्ययन अनुसन्धानहरु पश्चिमा महिलाबादी र उदारवादी सिद्धान्तहरु अन्तरर्गत लेखिएका छन । पश्चिमा महिलावादी लेखकहरु Friedan (1974), Butler (1993), Philips, (1995), Fraser (2013), र Young (2002) ले महिला मुक्ति र सशक्तीकरणका विचारहरु पश्चिमा सामाजिक आर्थिक परिधि भित्र रहेर विकास गरेका छन । तर नेपालको भिन्न सामाजिक आर्थिक र सांस्कृतिक परिवेशको सन्दर्भमा उल्लेखित लेखकका तर्कहरु नेपालको सामाजिक राजनीतिक आयाममा सम्वोधित र प्रतिध्वनित नहुन सक्छ । उनीहरुले आर्थिक स्थिरता र उपभोक्ता संस्कृतिमा आधारित पश्चिमा मध्यमवर्गीय महिलाहरुको राजनीतिक प्रतिनिधित्वको अध्ययन गरेका छन् । तर अधिकतम् नेपाली महिलाहरुको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच नै हुँदैन् । नेपाली महिलाका लागि मुक्ति र सशक्तीकरणमा लघुवित्त, ब्यवसायिक तालिम र सम्पत्तिमाथि नियन्त्रण समावेश छन् । जुन पश्चिमा विद्वानहरुको मध्यमवर्गीय आर्थिक सरोकार भन्दा फरक छ। नेपाली महिलाको राजनीतिक प्रतिनिधित्वको मुद्धा बर्गीय, लिङ्गीय, क्षेत्रीय र राजनीतिक शक्तिको गतिशीलताले प्रभावित पारेको हुन्छ । यसर्थ पश्चिमा विद्वानहरुका विचारहरुलाई नेपाली महिला माथि कार्यान्वयन गर्न मिल्दैन । नेपाली विद्वानहरुको दृष्टिकोण पनि पश्चिमा महिलावादी सोंचबाट नै प्रभावित छ । त्यसकारण उनीहरुको कृतिहरुमा कमजोरीका छिद्राहरु स्पष्ट रुपमा देख्न सकिन्छ ।

सौभाग्य शाह (Shaha, 2018, pp. 2–99) ले महिलाको कार्य गर्ने क्षमतालाई एजेन्सी भनेका छन । उनले सिन्धुली स्थित भिमानको अध्ययनमा महिलाहरु दोस्रो दर्जाको नागरिक

भएको देखाएका छन । सम्पत्ति र दाइजो समेतमा महिलाको नियन्त्रण भएको देखिन्दैन । महिला कार्यकर्ताहरुले भिमानमा समाजका कुरीतिहरु जाँडरक्सी, जुवातास, महिला माथि हिंसा र यौन शोषणलाई हटाउँने जस्ता उदाहरणीय कार्य प्रस्तुत गरेका छन । सम्पत्ति आर्जन र जीविकोपार्जनको क्षेत्रमा महिला कार्यकर्ताहरुले राम्रो भूमिका खेले । तर शाहको कृतिमा महिलाहरुले राजनीतिक प्रतिनिधित्वको मुद्धा ओझेलमा परेको देखिन्छ । (Thebe Limbu, 2023) ले सन २०१७ को स्थानीय तहको निर्वाचनको उदाहरण दिदै निर्णय गर्ने पदहरु मेयर, गाउँपालिका अध्यक्ष र वडाध्यक्षमा २ प्रतिशत मात्र महिलाको प्रतिनिधित्व रहेको छ । उनको अध्ययन चाखलाग्दो भए पनि लिङ्गीय, बर्गीय र राजनीतिक गतिशीलताको अन्तरक्रियाले ल्याउने महिला सीमान्तीकृत हुने प्रक्रियाको अध्ययन गरेकी छैनन् ।

चन्द्रा भद्राले नेपाली समाजद्वारा निर्धारित भूमिकाले महिलाहरुको स्तर दोस्रो दर्जामा रहन पुग्यो । आरक्षणको भूमिकालाई देखाउँदै महिलाहरुको राजनीतिक प्रतिनिधित्वको स्तर सुध्रिएको छ (Bhadra, 2022, pp. 55–56) । भद्राले पुरुषप्रधान समाजको आलोचना गर्दै महिलाहरुले घरगृहस्थिको कामकाजलाई विना तलवको कार्य भन्दै महिलाको राजनीतिक प्रतिनिधित्वको आवश्यकतामा जोड दिएकी छन । उनले समानुपातिक प्रतिनिधित्वको प्रणालीबाट महिलाहरु नीतिनिर्माण गर्ने पदहरुमा महिला आउँनै कठिन छ, भन्छिन् (Bhadra, 2022, pp. 47–48) । तर राजनीति र समाजको सम्बन्ध कस्तो हुन्छ भन्ने तथ्यलाई प्रष्ट्याएको देखिन्दैन । उनले राणाकालीन मुलुकी ऐनको प्रभावलाई पनि बेवास्ता गरेकी छन । अर्थतन्त्रकै आधारमा समाजका विभिन्न आयामहरुको निर्माण हुन्छ । यसर्थ मुलुकको आर्थिक स्थितिको महत्व नेपाली महिला माथि कसरी परेको छ भन्ने तथ्यलाई उजागर गरेको देखिन्दैन । (K. Murthy & Kappen, 2017, p. 6) का अनुसार सन् २००६ मा माओवादी र राजनीतिक दलका बीचमा भएको शान्ति सम्झौता अनुसार महिलाहरुलाई नीति निर्माण तहमा ५० प्रतिशत आरक्षण सहित प्रतिनिधित्व गराउँने सहमति थियो । तर आज संविधानमा ३३ प्रतिशत मात्र किटान गरियो । उनीहरूको अध्ययनले प्रतिनिधित्वको संख्यालाई मात्र जोड दिएको छ । तर राजनीतिमा महिलाको अर्थपूर्ण प्रतिनिधित्वको प्रसङ्गलाई वेवास्ता गरी अध्ययन सम्पन्न गरेको देखिन्छ ।

प्रभा कैनीले उनको विद्यावारिधि शोधपत्रमा व्यक्तिगत भनेको नै राजनीति हो र जुन अन्तर व्यक्तिगत सम्बन्ध हुन्छ । त्यहाँ शक्तिको खेल हुन्छ । पारम्पारिक राजनीतिले महिला शक्तिहीन हुँदा उनीहरुको स्वार्थलाई ध्यान दिइदैन । उनको अध्ययन अन्तरिम संविधान वि. सं. २०६३ आउँनुपूर्व धादिङ्ग जिल्लाको स्थलगत अध्ययनमा आधारित छ । उनका अनुसार महिलाहरु पुरुषका सहयोगीका रुपमा मात्र काम गरिरहेका छन । महिला आरक्षणको फल कुलीन महिलाले मात्र पाएका छन । महिला आरक्षण दिएर महिलालाई राजनीतिमा ल्याउँनु भनेको कार्यकर्ता बनाएर काम गराउँने उद्देश्य मात्र हो । कुलीन वर्गका महिलाले महिलाको स्वार्थ माथि चासो राख्दैनन् । उनीहरुको गतिविधिमा पुरुष नेताकै प्रभाव हुन्छ । सर्वसाधरण महिलाको सम्पत्ति माथि

नियन्त्रण हुँदैन । महिलालाई राजनीतिमा प्रवेश गराउँन पुरुष कै कृपा आवश्यक छ । कुलीनवर्गका महिला कार्यकर्ताहरुले आफ्नो परिवार र दलका बारेमा मात्र सोच्दछन् । तर महिलाका स्वार्थ र समस्याहरुलाई सम्बोधन गर्न सक्दैनन् (Kaini, 2008, pp. 64–72, 186) । आजको संवैधानिक र राजनीतिक अस्थिरताको सन्दर्भमा उनका तर्कहरु समय सापेक्ष नभएको देखिन्छ । त्यस्तै उनले वर्ग र राजनीतिको अन्तरक्रिया देखाउँदा जातजातिका प्रसङ्ग जोडेर राजनीतिक प्रतिनिधित्वको मुद्दालाई छायाँमा पारेकी छन् । राजनीतिक अस्थिरता, वर्ग र राजनीतिको अन्तरक्रिया स्पष्ट रुपले देखाएकी छैनन् ।

**अनुसन्धान अन्तराल**

उल्लेखित विद्वानहरुका कृति समीक्षाबाट स्पष्ट हुन्छ कि उनीहरुले व्यवस्थित असमानता र आर्थिक कारकहरुले महिलाको राजनीतिक प्रतिनिधित्वका सन्दर्भमा भएका तथ्यहरुलाई प्रष्ट्याउँन सकेका छैनन् । उनीहरुले सामाजिक मूल्यमान्यताको आलोचनात्मक विश्लेषण गर्दै महिलालाई केन्द्रमा राखे पनि ऐतिहासिक कारकहरुलाई ओझेलमा पार्दै नेपाली सामाजिक, राजनीतिक र आर्थिक कारकहरुको प्रभाव, महिलाको राजनीतिक प्रतिनिधित्व नियाल्न खोजेका छन, नेपाली समाजको सामाजिक आर्थिक परिधिलाई नै बेवास्ता गरेका छन् भने कुनै पनि विद्वानले भोजपुरमा स्थलगत अध्ययन गरी महिलाको राजनीतिक प्रतिनिधित्वको विषयलाई उठान गरेका छैनन् । नेपाली महिलाको राजनीतिक प्रतिनिधित्वको मुद्धालाई स्मरण गर्दा विशिष्ट सांस्कृतिक, वर्गीय र राजनीतिक शक्तिको गतिशीलताको अन्तरक्रिया नदेखाइनु नै अनुसन्धान अन्तराल हो । महिलाको राजनीतिक प्रतिनिधित्व सम्बन्धी अधिकांश विद्यमान अनुसन्धानहरु पश्चिमी परिप्रेक्षमा वा सामान्यीकृत विश्वव्यापी दृष्टिकोणबाट लेखिएको पाइन्छ । जसले नेपाली महिलाको राजनीतिलाई दूरगामी प्रभाव पार्ने सामाजिक, राजनीतिक र आर्थिक ढाँचालाई सम्वोधन गर्न सकेको छैन । विप्रेषण अर्थतन्त्र र आयातमुखी बजारको पृष्ठभूमिमा आधारित राज्यमा महिलाको राजनीतिक प्रतिनिधित्वको अध्ययन एउटा जटिल विषय हो । प्रस्तुत अध्ययनले उल्लेखित रिक्ततालाई केही हदसम्म पूरा गर्ने जमर्को गरेको छ ।

**समस्याकथन**

महिलाको अर्थपूर्ण राजनीतिक प्रतिनिधित्वले शक्तिमा महिलाको पहूँच बृद्धिलाई संकेत गर्दछ । जहाँ सामाजिक मूल्यमान्यताले राजनीतिक परिधिमा महिलाहरुलाई समर्थन नगरे पनि लोकतन्त्रमा चुनावको माध्यमबाट राजनीतिक शक्तिका पदहरुमा पुग्दछन् (Paxton & Kunovich, 2003) र सार्थकरुपमा भूमिका निर्वाह गर्दछन भन्ने अपेक्षा गरिएको छ, साथै अर्थपूर्ण प्रतिनिधित्वमा नीति निर्माण, निर्णय प्रक्रिया र कार्यकारी राजनीतिक पदहरुमा महिलाको प्रतिनिधित्व रहन्छ । अर्थपूर्ण राजनीतिक प्रतिनिधित्व भएमा मात्र समग्र महिलाका भावना, स्वार्थ, मुद्धा र समस्याहरुको सम्वोधन हुन सक्दछ । उल्लेखित पूर्वकार्यको समीक्षामा संलग्न विद्वानहरुले महिलाको अर्थपूर्ण प्रतिनिधित्वको कुरै गर्दैनन् र उनीहरुले वर्गको महत्वलाई पनि

विश्लेषण गरेका छैनन् । उनीहरु महिलाको भौतिक उपस्थितिलाई मात्र प्रधान मान्दछन तर गुणात्मक उपस्थितिका बारेमा मौन छन भने उनीहरुले कार्यकारी राजनीतिक पदहरुमा महिला प्रतिनिधित्वका बारे चर्चा गर्दैनन् ।

नेपाली महिलाको राजनीतिक प्रतिनिधित्व नेपालको सामाजिक राजनीतिक परिदृश्यलाई आकार दिने सामाजिक आर्थिक ढाँचा र राजनीतिक शक्तिको गतिशीलतासँग जोडिएको छ । नेपालमा निरन्तर राजनीतिक अस्थिरता, विप्रेषण र आयातमुखी बजारमा निर्भर अर्थतन्त्रले विद्यमान वर्गीय असमानतालाई सुदृढ पार्दछ र सर्वसाधरण नागरिक र खासगरी महिलाहरुको अर्थपूर्ण राजनीतिक प्रतिनिधित्वमा बाधा पुऱ्याउँदछ । यस अध्ययनले नेपाली महिलाको राजनीतिक प्रतिनिधित्वमा परेका प्रणालीगत बाधाहरुलाई यी अन्तरक्रियात्मक आर्थिक र राजनीतिक परिस्थितिहरुको सन्दर्भमा अनुसन्धान गर्ने लक्ष्य राखेको छ । विप्रेषण र आयातमा निर्भरताले पितृसत्तात्मक र वर्गीय शक्ति प्रणालीलाई निरन्तरता दिन्छ । यसले प्रभावकारी प्रतिनिधित्वका लागि आवश्यक राजनीतिक शक्ति र स्रोतसाधनमा महिलाको पहुँचलाई सीमान्तकृत गर्दछ ।

वर्गीय स्तरीकरण र लैङ्गिक असमानतामा आर्थिक निर्भरताको प्रभाव, यथास्थिति कायम राख्न राजनैतिक अस्थिरताको भूमिका र महिलालाई सीमान्तकृत गर्ने विश्वब्यापीकरणको शोषणले परम्परागत पितृसत्तात्मक मान्यताहरुसँग मिल्ने तरिकाहरु खेज्नुपर्ने मुख्य मुद्धाहरु समावेश छन । यस विश्लेषणले विद्यमान शक्ति गतिशीलतालाई कायम राख्न शासक वर्गको स्वार्थले कसरी सहयोग गर्दछ भन्ने विचारले महिलाको राजनीतिक समावेशीकरण बढाउँने उद्देश्यले विद्यमान नीति र पहलहरुको प्रभावकारिताको पनि जाँच गर्ने छ । यस अनुसन्धानले वास्ताविक लैङ्गिक समानता र राजनीतिक सशक्तिकरण प्राप्त गर्नका लागि परिवर्तनकारी रणनीतिहरुमा अन्तरदृष्टि प्रदान गर्दै राजनीतिक क्षेत्रमा नेपाली महिलाहरुको अर्थपूर्ण प्रतिनिधित्वमा बाधा पार्ने आर्थिक र सांस्कृतिक कारकहरुलाई उजागर गर्ने प्रयत्न गरेको छ ।

अध्ययनले तपशीलमा प्रस्तुत गरिएका अनुसन्धान प्रश्नहरुको सूक्ष्म रुपमा अन्वेषण गर्ने जमर्को गरेको छ । आर्थिक अवस्थाले नेपाली महिलाको राजनीतिक प्रतिनिधित्वमा कसरी प्रभाव पार्दछ ? नेपाली समाजमा विद्यमान सामाजिक सांस्कृतिक भूमिकाले उनीहरुको राजनीतिक प्रतिनिधित्वमा के कस्तो प्रभाव पारेको छ ? अध्ययन क्षेत्रका राजनीतिकर्मी महिलाले राजनीतिक बृत्तमा के कस्ता समस्याहरूको प्रतिरोध गरिरहेका छन ?

प्रस्तुत अध्ययन देहायका उद्देश्यहरुका आधारमा सम्पन्न गरिएको छ । महिलाहरुको राजनीतिक प्रतिनिधित्वमा आर्थिक संरचनाले पार्ने प्रभावको अध्ययन गर्ने, सांस्कृतिक मूल्यमान्यताले महिलाको राजनीतिक प्रतिनिधित्वमा पारेको प्रभावको ब्याख्या गर्ने र राजनीतिक परिदृष्यमा महिलाहरुले भोगेका समस्याहरुको खोजी र विश्लेषण गर्ने रहेका छन् ।

## सैद्धान्तिक ढाँचा

शैव सिद्धान्तले विप्रेषण अर्थतन्त्र र आयातमुखी निर्भरताले सामाजिक-राजनीतिक प्रतिनिधित्वलाई कसरी प्रभाव पार्दछ भन्ने तथ्यमा केन्द्रीत रही प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न महत्वपूर्ण दृष्टिकोण प्रदान गर्दछ । यस दृष्टिकोणले कसरी राजनैतिक आयाममा महिलाको सीमान्तीकरणलाई व्यवस्थित आर्थिक र राजनीतिक असमानताले निरन्तरता दिन्छ भन्ने तथ्यलाई उजागर गर्दछ ।

शैव सिद्धान्तले द्रब्यानी (अर्थतन्त्र), गुण (ज्ञान र कौशलता) र कर्म (मानवीय गतिविधि र राजनीतिक क्रियाकलाप) लाई संसार सञ्चालनको मुख्य कारक मान्दछ । यसले कारण र प्रभावलाई महत्व दिन्छ (Sinha, 1923, pp. 21–22) । कारण भनेको नेपालको आर्थिक अवस्था, पुरुषप्रधान परिधि र नेपालको राजनीतिक गतिशीलता हो । यिनीहरुको प्रभाव महिला माथि परेको छ, खासगरी निम्नमध्यम र निम्नवर्गका महिलाहरु सामाजिक राजनीतिक गतिशीलताको चपेटामा छन । उनीहरुले सुन्दर भविष्यका लागि राजनीतिक संघर्ष गरिरहेका छन । यस तथ्यलाई बुझ्न कष्यप ऋषिको विरोधाभासको विचारलाई प्रयोग गरिएको छ । उनका अनुसार कुनैपनि आकार वा सामाजिक आर्थिक परिधिमा विरोधाभाषी पक्षहरु हुन्छन् । जुन आफ्नो पहिचानका लागि एकअर्कामा निर्भर हुन्छन् । उनीहरु द्वन्दमा एकीकृत हुन्छन् र परिवर्तन आउँछ । यसको कारण चाहि कर्म हो । जसले समाज गतिमा चल्दछ, यो नै संयोजन र बिभाजनको कारण हो (Sinha, 1923, pp. 22–27) । नेपालमा महिला र पुरुषका बीचमा रहेको स्रोत र अवसरहरुको असमान वितरण हुनाले राजनीतिकर्मी महिला कार्यकर्ताहरुले राजनीतिक संघर्ष गरेका हुन, जुन उनीहरुको राजनीतिक संकथनबाट स्पष्ट हुन्छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा नेपाली महिलाको राजनीतिक प्रतिनिधित्वको अन्वेषण र विश्लेषणका लागि आधारभूत सिद्धान्तको प्रयोग गरी गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ । ग्राउन्डेड सिद्धान्तलाई व्यवस्थित रुपमा तथ्याङ्क संकलन र विश्लेषणका माध्यमबाट सिद्धान्त उत्पन्न गर्ने क्षमताका लागि छनौंट गरिएको हो । ग्राउण्डेड सिद्धान्त विधि Glaser र Strauss ले विकास गरेका हुन । यसले तथ्याङ्कबाट नै विचार वा सिद्धान्तको निर्माण गर्दछ । तथ्याङ्कको विश्लेषणबाट विषयहरु र विषयका मुख्य विचारहरु पहिचान गर्न सकिन्छ (Alan, 2003, pp. 1–10) । विशेषगरी सामाजिक-आर्थिक र राजनीतिक अस्थिरताको सन्दर्भमा राजनीतिक प्रतिनिधित्व जस्ता जटिल सामाजिक घट्नाहरु बुझ्नका लागि उपयोगी छ । नेपालको अनुपम सामाजिक राजनीतिक परिदृष्य र महिलाको राजनीतिक प्रतिनिधित्वलाई स्थानीय परिवेश अनुकुल यथार्थपरक ढंगले अध्ययन तथा चिन्तनमनन् गर्ने अवसर यस सिद्धान्तले प्रदान गर्दछ । पूर्वानूमानले संसार बुझ्न सहयोग गर्दछ (Corbin & Strauss, 2008, p. 21) । तथ्याङ्क संकलन र विश्लेषणको गहन र पुनरावृति प्रक्रिया समावेश हुन्छ । यस गहन दृष्टिकोणले नेपाली महिलाको

राजनीतिक प्रतिनिधित्वमा भोग्ने लुप्त ढाँचा, प्रेरणा र अवरोधहरुलाई उजागर गर्न सहयोग गर्दछ । ग्राउण्डेड सिद्धान्तले पूर्व निधारित धारणाहरु थोपर्नुको सट्टा तथ्याङ्कबाटै विचारहरु बाहिर ल्याउँन सहयोग गर्दछ ।मानिसको अनुभवले सामाजिक, राजनीतिक र लिङ्गसँग सम्वन्धित जानकारी प्रदान गर्दछ (Corbin & Strauss, 2008, p. 23) नेपाल जस्तो बहुसांस्कृतिक विविधता र गतिशिल समाजको सन्दर्भमा यो अति महत्वपूर्ण पक्ष हो । जहाँ विद्यमान सिद्धान्तहरु महिलाको राजनीतिक प्रतिनिधित्वको वास्तविकतासँग पूर्णतया मेल नखान सक्छ । ग्राउण्डेड सिद्धान्तले अनुसन्धानकर्तालाई पूर्वावस्थित सिद्धान्तहरुबाट शुरु गर्न आवश्यक ठान्दैन । यसले नयाँ विचारहरुको निर्माणमा सहयोग गर्दछ । तर विश्लेषण चाहि तथ्याङ्कबाट आउँदछ (Corbin & Strauss, 2008, p. 28) ।

नेपालको राजनीतिक परिदृष्यमा महत्वपूर्ण अनुभव र अन्तरदृष्टि भएका सूचनादाताहरुका रुपमा भोजपुर जिल्लामा क्रियाशील राष्ट्रिय राजनीतिक दलका रुपमा मान्यता प्राप्त नेपाली काँग्रेस, नेकपाएमाले र नेकपा माओवादी केन्द्रका जिल्ला तहमा क्रियाशील एक राजनीतिक दलबाट २ जनाका दरले महिला कार्यकर्ताहरुलाई अध्ययनमा समेटिएको छ ।

अन्तरर्वार्ताहरु अर्धसंरचित ढाँचा प्रयोग गरी सञ्चालन गरिएको थियो । जसले राजनीतिक प्रतिनिधित्व र शैव सिद्धान्तसँग सम्वन्धित मुख्य विषयहरु समेटिएको सुनिश्चित गर्दै अनुमति प्रदान गर्दछ । प्रत्येक अन्तर्वार्ता ५० देखि ७० मिनेटसम्म लिइएको थियो र उत्तरदाताहरुको सहमतिका आधारमा तथ्याङ्कहरु टिपोट गरिएको थियो । अन्तर्वार्ताहरु लिइसकेपछि आवश्यकता अनुसार तथ्याङ्कहरुलाई ब्यवस्थित ढंगले संरचित गरिएको थियो ।

**तथ्याङ्कको विश्लेषण**

तथ्याङ्कहरुलाई विश्लेषण गर्न ग्राउन्डेड सिद्धान्तको प्रयोग गरिएको छ । यसले पुनराबृत्ति चरणहरु समावेश गर्दछ । ओपन कोडिङल अनुसार लिखित अन्तर्वार्ताको प्रारम्भिक कोडिङ राजनीतिक प्रतिनिधित्व, लिङ्ग र सामाजिक-आर्थिक कारकहरुसँग सम्वन्धित महत्वपूर्ण अवधारणा र स्तरहरु पहिचान गरिएको छ । एक्सियल कोडिङमा महिलाको राजनीतिक प्रतिनिधित्वलाई विभिन्न कारकहरुले कसरी अन्तरक्रिया र प्रभाव पार्दछन भन्ने तथ्यलाई बुझ्नका लागि पहिचान गरिएका वर्गहरुवीचको सम्वन्धको खोजी गरिएको थियो । चयनात्मक कोडिङ मार्फत अध्ययनका सवै स्तरलाई एकीकृत गर्ने मुख्य स्तरको पहिचान गरिएको थियो । जसले अध्ययन अन्तरर्गत महिलाको मुद्धालाई राम्रोसँग नियाल्न सहयोग गर्दछ । अन्तरर्वार्ताबाट उत्पन्न विचारहरु सामान्यतया शैव सिद्धान्तसँग मिल्दोजुल्दो भएकाले विश्लेषणलाई सैद्धान्तिक परिप्रेक्षमा राखिएको थियो । यस दृष्टिकोणले आर्थिक निर्भरता, वर्ग र राजनीतिक अस्थिरताले नेपालमा माहिलाको राजनीतिक प्रतिनिधित्वलाई कसरी असर पार्दछ भन्ने कुराको गहिरो रुपमा जाँच गर्न अनुमति दिएको छ ।

## छलफल तथा परिणाम

### छायाँमा राजनीतिक प्रतिनिधित्व

नेपालको राजनीतिक परिदृष्य अझैपनि अस्थिरताको चपेटामा अल्झिएकाले सरकारले नागरिक समक्ष गरेका पूर्णसर्तहरु पूरा गर्न सकेको देखिन्दैन् । सरकार र राजनीतिक नियुक्तिहरु बरम्वार परिवर्तन भइ रहँदा अदृष्य रुपमा शक्तिको चलखेल हुने भएकाले नागरिकका इच्छा, आकांक्षा, भावना र अभिलासाहरु पूर्ण रुपमा कमजोर भएको देखिन्छ । नेपालको संसदीय निर्वाचन प्रणालीमा १ सय ६५ सदस्य प्रत्यक्ष रुपमा संसदमा निर्वाचित हुन्छन् भने १ सय १० सिट समानुपातिक प्रतिनिधित्व मार्फत दलीय मतको आधारमा परिपूति हन्छ । यो व्यवस्था भएपनि महिलाको राजनीतिक प्रतिनिधित्व ज्यादै न्यून संख्यामा रहेको छ । सन २०२२ मा संघीय संसदको सिटमा प्रत्यक्ष प्रतिस्पर्धा गर्ने ४६११ उम्मेदवारहरु मध्ये, केवल २२५ (९.३) प्रतिशत महिलाहरु थिए । जसमा मुख्य राजनीतिक दलहरुले मात्र २५ जना महिलालाई उम्मेदवार बनाएका थिए भने प्रत्यक्ष प्रणालीबाट ९ जना महिला निर्वाचित भए, यो संख्या सन २०१७ को प्रतिनिधित्व भन्दा केवल ३ जना मात्र बढी हो (Sapkota, 2024, pp. 7–16)।

संवैधानिक रुपमा अनिवार्य एक तिहाई महिला प्रतिनिधित्वको नियम पूरा गर्न, राजनीतिक दलहरुले समानुपातिक सूची प्रणाली अन्तर्गत महिला उम्मेदवारहरु थप्ने राजनीतिक परिपाटीको विकास भएको देखिन्छ । समानुपातिक सूची प्रणाली महिला, सीमान्तकृत र जनजाति उम्मेदवारहरुलाई चुनावी अवसर प्रदान गर्ने प्रणाली हो, तर संसदका सदस्यहरुले समानुपातिक सूची मार्फत एक कार्यकाल मात्र सेवा गर्न सक्दछन् । यी कम प्रतिनिधित्व भएका समावेशी समूहहरुलाई अनुभव निर्माण गर्ने मौका दिने उद्देश्य थियो, त्यसपछि उनीहरु प्रत्यक्ष निर्वाचन सीटमा प्रतिस्पर्धा गर्न सक्दछन् । यसको सट्टा, नेपालमा प्रमुख राजनीतिक दलहरुले प्रत्यक्ष निर्वाचित सिटहरुमा अनुभवी महिलाहरुलाई मनोनयन गर्नुको सट्टा उनीहरुले एक तिहाई कोटा पूरा गर्न सुनिश्चित समानुपातिक सूची प्रणालीमा नयाँ महिला उम्मेदवारहरु मनोनयन गर्ने सजिलो विकल्प बारम्वार दोहोऱ्याएको देखिन्छ । राजनीतिक दलहरुले कोटा पूरा गरेर संवैधानिक दायित्व पूरा गरिरहँदा महिला नेतृत्व विकासमा ह्रास र महिलामा दीर्घकालीन लगानी भने कम भएको देखिन्छ । यस प्रसंगमा नेकपा माओवादी केन्द्रकी जिल्ला तहमा क्रियाशील मनिका राई भन्छिन् - '३३ प्रतिशत आरक्षण कोटाको बाँडफाँड सन्तोषजनक छैन, विभिन्न बाहनामा महिलालाई समानुपातिकबाट प्रतिनिधित्व गराईए पनि नीति निर्माण र निर्णय प्रक्रियामा आफ्ना मुद्धाहरु सम्वोधन गराउँन सकेका छैनन् । समानुपातिकले महिलालाई धारा पँधेरा र चुलोचौकाबाट शक्तिमा पुऱ्याए पनि महिलाका मुद्धा र स्वार्थको सम्वोधन हुन सकेको छैन र प्रत्यक्ष निर्वाचन प्रणालीका माध्यमबाट ५० प्रतिशत सिटमा महिलाले प्रतिस्पर्धा गर्न पाउँने व्यवस्था भए मात्र कार्यकारी पदहरुमा महिलाको अर्थपूर्ण प्रतिनिधित्व भएको मानिने छ (राई, वार्ता : २०८१) ।'

नेपाली काँग्रेसकी कार्यकर्ता निर्मला खड्काका अनुसार, प्रमुख राजनीतिक दलहरुले महिला नेतृहरुको दीर्घकालीन विकासमा लगाानी नगरी कोटा पूरा गर्न मात्र समानुपातिक प्रणालीको दुरुपयोग भएको देखिन्छ । अनुभवी महिलाहरु विरलै प्रत्यक्ष निर्वाचित सीटहरुका लागि सिफरिस हुन्छन्, महिलाका लागि आरक्षित कोटामा योग्यता र क्षमताको अलवा आफन्त र परिवारवाद लागू हुन्छ । राजनीतिमा महिलाको अपेक्षित उपस्थिती हुन नसक्नु आर्थिक परनिर्भरता पनि हो ( खड्का, वार्ता : २०८१) । उत्तरदाताहरुको संकथनलाई विश्लेषण गर्दा सीमान्तीकरणलाई कायम राख्दै समानुपातिक प्रणाली वास्तविक सशक्तीकरणका सट्टा छायाँ प्रतिनिधित्वको लागि संयन्त्र निर्माण भएको देखिन्छ, यथास्थिति कायम रहिरहेसम्म महिलाको अर्थपूर्ण प्रतिनिधित्वमा बाधा भइरहन्छ भने विप्रेषण र आयातमा निर्भर आर्थिक संरचनालाई कायम राख्दछ, जहाँ सम्पत्ति र स्रोतहरु उच्चवर्गका पुरुषद्वारा नियन्त्रित हुन्छन । आर्थिक शक्तिको यो एकाग्रताले महिलालाई सीमान्तकृत गर्दै राजनीतिक शक्तिमा परिणत गर्दछ । नेपालको राजनीतिक प्रणालीको अस्थिरताले यस समस्यालाई थप गहिरो बनाउँदछ, किनकि सरकार र राजनीतिक नियुक्तिहरुमा बारम्वार परिवर्तनहरुले स्थिर, समावेशी शासन संरचनाको स्थापनालाई रोक्दछ । यसर्थ, विशेष गरी निम्नमध्यम र निम्नवर्गका महिलाहरुले जटिल वेफाइदाहरुको सामना गर्दछन्, किनकि उनीहरु आर्थिक रुपमा मात्र सीमान्तकृत छैनन् सामाजिक र राजनीतिक रुपमा पनि छायाँमा छन ।

## सामाजिक, आर्थिक आयाम र राजनीतिक प्रतिनिधित्व

नेपालको आर्थिक परिदृश्य, पूर्णरुपमा विप्रेषण अर्थतन्त्रको पृष्ठभूमिमा निर्भरता र आयातका भरमा संचालित बजारले महिलाहरुका लागि राजनीतिक प्रतिनिधित्वमा गहिरो प्रभाव पारेको छ । नेपालका अधिकांश प्रतिभाशाली र क्षमतावान विशेष गरी काम गर्न सक्ने उमेर समूहका ब्यक्तिहरु सीमित स्थानीय अवसरहरुका कारण वैदेशिक रोजगारीका लागि पलायन हुन्छन् (Lohani, 2023, pp. 2–5) । वैदेशिक रोजगारी र प्रतिभाशाली विद्यार्थीहरु जसले राम्रो सुशासन र देशको विकासका लागि काम गर्न सक्दथे उनीहरू इन्जिनियर, पाइलट, वकिल, प्राध्यापक र उच्च तहका कर्मचारीहरु जस्ता पेशाहरु रोज्नका कारण क्षमतावान नेता र कार्यकर्ताहरु राजनीतिक बृत्तमा हुदैनन् । फलस्वरुप औसत क्षमता भएका मानिसहरु राजनीतिमा प्रवेश गर्दछन जहा उनीहरु पैसा कमाउँन र उच्च पद प्राप्त गर्न मरिमेटेर लाग्दछन् (Hachhethu, 2007, pp. 28–30) । नेपाललाई प्राप्त भएको विप्रेषणले प्रायः गैर उत्पादक सम्पत्तिहरु जस्तै जग्गा, घर र विलासिताका बस्तुहरुमा लगानी भएको देखिन्छ (Lohani, 2023, pp. 41–42) । यसप्रकारको लगानीको ढाँचाले स्थानीय रोजगारी सिर्जना गर्दैन वा आर्थिक बृद्धिलाई प्रोत्साहन गर्न सक्दैन । यसले आर्थिक स्थिरताको चक्रलाई निरन्तरता दिन्छ (Lohani, 2023, pp. 42–44) । विप्रेषण अर्थतन्त्रको ठूलो हिस्सा आयतित बस्तुको भुक्तानीका लागि देशबाट सोझै बाहिरिन्छ । यो आर्थिक वहिर्गमनले पैसालाई स्थानीय अर्थतन्त्रमा चलायमान हुन रोक्दछ र आर्थिक विकास र रोजगारीका अवसरहरुलाई थप सीमित गर्दछ (Lohani, 2023, pp. 44–45, 67)

। अत: कमजोर अर्थतन्त्र रहेको समाजमा पुरुषप्रधान मूल्यमान्यताहरु सक्रिय हुन्छन र सामाजिक तथा सांस्कृतिक आधारमा महिलालाई कमजोर बनाइन्छ । तर समुन्नत र शिक्षित समाजमा पुरुषप्रधान मूल्यमान्यता र परिधिले महिलालाई खासै नकारात्मक प्रभाव पार्दैन ।

राजनीतिक प्रतिनिधित्वका मार्गमा राजनीतिकर्मी महिला कार्यकर्ताहरुले भोग्ने समस्याका बारेमा नेकपा एमालेकी पूर्व जिल्ला कमिटी सदस्य मेरिका राई भन्छिन् - 'राजनीतिमा सक्रिय महिलालाई पुरुषलाई झैं सजिलो छैन, संविधान प्रदत्त अधिकारमा पनि कार्यकारी पहिलो पदमा पुरुष र दोस्रो वा उपको पदमा महिलालाई सीमित गरिएको छ । राजनीतिमा रात साँझ हिड्नु पर्दा महिलाको चरित्रहत्या समेत हुने गर्दछ, पार्टी संगठन भित्र महिलाको त्यागलाई खासै वास्ता गरिन्दैन (राई, वार्ता, २०८१) ।' संवैधानिक र कानूनी ब्यवस्थामा प्रमुख वा उपप्रमुख मध्ये एक महिला हुनुपर्ने ब्यवस्था भएपनि प्रमुख पदमा पुरुष कै बाहुल्यता रहेको देखिन्छ । पुरुषले पठाएको रेमिटेन्स र पुरुषमाथि महिलाको निर्भरताले विद्यमान वर्ग संरचना र पितृसत्तात्मक मूल्यमान्यतालाई बलियो बनाएर महिलाको राजनीतिक प्रतिनिधित्वमा महत्वपूर्ण प्रभाव पार्दछ । आर्थिक स्रोत, शिक्षा र उद्यमशीलताका अवसरहरुमा महिलाको पहुँच सुधार गर्ने नीति र कार्यक्रमहरुको अभावका कारण महिलाहरुका लागि आर्थिक वातावरण समावेशी हुन सकेको छैन । त्यसैगरी तालिम, स्रोतसाधन र सल्लाहका माध्यमबाट महिला उम्मेदवारहरुलाई समर्थन गर्ने प्रयासको अभावमा राजनीतिमा महिलाको संख्यात्मक प्रतिनिधित्व मात्रै हुन्छ । राजनीतिमा पैसाको प्रभावलाई सीमित गर्ने, महिला र सीमान्तकृत समूहहरुलाई चुनावमा प्रतिस्पर्धा गर्न सजिलो बनाउँने वित्तिय सुधार अभियान कार्यान्वयन गर्ने नीति छैन । सामाजिक राजनीतिक संरचनामा महिलालाई आरक्षणको माध्यमबाट प्रतिनिधित्व गराइए पनि त्यसभित्र राजनीतिक परिवारहरूका महिलालाई प्राथामिकता दिइएको पाइन्छ (Klugman 2017, pp. 1–84) ।

यसर्थ नेपालको सामाजिक  संरचनामा विशेष परिवर्तन आएको देखिदैन । अध्ययन क्षेत्र भोजपुरमा महिलाहरू अझै पनि आर्थिक मामिलामा पुरुषप्रति निर्भर रहने अवस्था रहेकाले उनीहरूलाई सहजरूपमा राजनीतिमा प्रतिनिधित्व गर्न र यस क्षेत्रमा सक्रिय हुन बाधा पुऱ्याइरहेको छ । राजनीतिक दलको जिल्ला तहमा प्रमुख, जिल्ला समन्वय समितको प्रमुख, नगरपालिका प्रमुख, गाउँपालिका प्रमुख र वडाध्यक्ष जस्ता कार्यकारी राजनीतिक पदहरुमा महिलाको प्रतिनिधित्व छैन (भोजपुर जिल्लाको बस्तुगत विवरण २०८०, पृ. ८०-९२) । अध्ययन क्षेत्रका राजनीतिकर्मी महिला कार्यकर्ताहरूको धारणा अनुसार महिलाको राजनीतिक प्रतिनिधित्व उनीहरूको सक्रियताबाटै उत्पन्न हुने प्रक्रिया हो । नेपालमा भएका हरेक राजनीतिक आन्दोलनहरूमा महिलाहरूको भूमिका सक्रिय र उल्लेख्य छ । दशवर्षे माओवादी द्वन्द्वकालमा ४० प्रतिशत महिलाहरू माओवादीमा सक्रिय थिए (Baidya, 2023) । दोश्रो जनआन्दोलनमा पनि महिलाको भूमिका उल्लेख्य मानिन्छ तर उनीहरूले राजनीतिमा सक्रियता पूर्वक योगदान पुऱ्याए पनि त्यस्ता महिलाहरू स्थानीय तहमा मात्रै सीमित रहेका छन् । यस प्रसङ्गमा नेकपा एमालेकी

जिल्ला सदस्य जानुका सूयल भन्छिन् - 'महिलाको राजनीतिक प्रतिनिधित्व संख्यामा संन्तोषजनक देखिए पनि कार्यकारी राजनीतक पदहरुमा कमजोर छ । संगठनभित्र महिलाले उठाएका मुद्धाहरु सुनुवाई हुदैनन् र ३३ प्रतिशत आरक्षण कोटा क्षमता भएका महिलाका लागि हानिकारक छ । किनकी क्षमतावान महिलाले कमजोर आर्थिक अवस्थाका कारण चुनाव लड्न सक्दैनन् (सूयल, वार्ता : २०८१) ।'

राष्ट्रिय राजनीतिक वृत्तमा अभिजात वर्गका साथै शक्तिशाली राजनीतिक परिवारका महिलाहरूको राजनीतिक प्रतिनिधित्व रहेको पाइन्छ (Upreti et al., 2020) । किनभने राजनीतिक दलहरुले दीर्घकालीन राजनीतिक विकासमा लगानी नगरी समानुपातिक प्रतिनिधित्व प्रणाली मार्फत ३३ प्रतिशत कोटा पूरा गर्न मात्र महिलालाई प्रतिनिधित्व गराउँदछन् । यो सतही अनुपातले राजनीतिक सशक्तिकरणको लागि अन्तर्निहित आर्थिक र सामाजिक अवरोधहरुलाई सम्वोधन गर्दैन । राजनीतिकर्मी महिला कार्यकर्ताहरुका विचार अनुसार राजनीतिमा महिलाहरु परिवार र विद्यार्थी संगठनहरुको प्रभावबाट प्रेरित भएर राजनीतिमा लाग्दछन । तर आर्थिक अवस्थाले उनीहरुको राजनीतिक प्रतिनिधित्वमा बाधा उत्पन्न गरिदिन्छ । यस परिस्थितिमा महिला कार्यकर्ताहरुको राजनीतिक दलभित्र आवाज र दृष्टिकोणहरु ओझेलमा पर्दै जान्छन र पुरुष नेताहरुको बर्चस्व कायम रहिरहन्छ ।

## सामाजिक सांस्कृतिक आयाम र राजनीतिक प्रतिनिधित्व

राजनीतिक क्षेत्रमा महिलाहरुले अवसर र चुनौतीहरुलाई आकार दिन सामाजिक-सांस्कृतिक कारकहरुले महत्वपूर्ण भूमिका खेल्दछन् । राजनीतिक पदका लागि आकांक्षी महिलाहरुले आफ्नो क्षमता र नेतृत्वका गुणहरुका बारेमा समेत बारम्वार शंकाको सामना गर्नु पर्दछ । यो सांस्कृतिक पूर्वाग्रहले महिलाहरुको राजनीतिक बृत्ति विकासमा निरुत्साहित मात्र गर्दैन, उनीहरुको चुनावी सम्भावनालाई पनि असर गर्दछ । किनभने मतदाताहरुले पुरुष उम्मेदवारलाई नै बढी प्राथामिकता दिने सम्भावना हुन्छ । नेपालका अधिकांश ठाउँमा गुणस्तरीय शिक्षामा महिलाको पहुँच सीमित छ, जसले उनीहरुलाई राजनीतिक प्रक्रियाहरुमा संलग्न हुने क्षमतामा बाधा पुऱ्याउँदछ । नेपालमा, महिला राजनीतिज्ञहरुको सञ्चारमाध्यम प्रतिनिधित्व प्रायः पक्षपाती र रुढीवादी देखिन्छ, उनीहरुको नीति र उपलब्धिहरु भन्दा व्यक्तिगत जीवनमा केन्द्रीत हुन्छ, महिलाप्रति यसप्रकारको विकृत प्रस्तुतीकरणले पुरुषप्रधान मूल्यमान्यताहरुलाई बलियो बनाउँदछ र राजनीतिक नेतृहरुको रुपमा महिलाहरुको विश्वसनीयतालाई कमजोर बनाउँछ ।

नेपाली कांग्रेसकी जिल्ला सदस्य मनकुमारी राई भन्छिन् -'महिलाका लागि विवाह र उपयुक्त पारिवारिक पृष्ठभूमिको आवश्यकता छ । महिलाको मूल्य उसको बैवाहिक स्तर र पारिवारिक सम्बन्धहरुसँग जोडिएको हुन्छ, सांस्कृतिक मूल्यमान्यता र कमजोर आर्थिक अवस्थाले पनि राजनीतिमा महिलाको अपेक्षित प्रतिनिधित्व हुन सकेन र प्रतिनिधित्व गर्ने महिलाले मुद्धा र समस्याहरुको बारेमा आवाज उठाए पनि कार्यान्वयन गराउँन सकेका छैनन् ' (राई, वार्ता,

२०८१) । फलस्वरुप उनीहरुको राजनीतिक मार्गको स्वयत्ततालाई सीमित गरिदिन्छ । नेपाली समाजमा खरो रुपले तर्क गर्ने र अन्यायको विरुद्धमा आवाज उठाउँने महिलाहरुलाई नकरात्मक संकथनहरुको निर्माण गरी चरित्रहत्या गर्ने परिपाटी रहेको छ । पुरुषप्रधान आकारमा महिलाहरु घरगृहस्थीको परिबन्धले राजनीतिमा समय र उर्जा प्रदान गर्न सकिरहेका छैनन् । राजनीतिक शक्तिको गतिशीलता हेर्दा महिला कार्यकर्ताको प्रगति पुरुष नेताहरुको अनुमोदन र कृपामा निर्भर हुन्छ । यहाँबाट स्पष्ट हुन्छ कि महिलाहरुले राजनीतिक दलभित्र आफ्नो बलियो झुण्ड बनाउन सकेका छैनन् । उनीहरु दलभित्र पुरुषकै अधिनमा छन् । महिला आरक्षणको प्रयोग राजनीतिक परिवार भित्रका र सम्पन्न परिवारका महिलाहरुले उपयोग गरिरहदा यति भन्न सकिन्छ कि लिङ्गको सम्वन्ध सामाजिक आर्थिक स्तरसँग जोडिएको छ । मध्यम र निम्नबर्गीय महिलालाई कोटा प्रणालीको कुनै अर्थ छैन ।

सामाजिक जीवनमा महिलाहरुले शिक्षा र विवाहको सन्दर्भमा आफूले निर्णय लिने क्षमताको विकास गरे पनि उनीहरुलाई पुरुषप्रधान मूल्यमान्यताहरुले राजनीतिमा अघि बढ्ने प्रक्रियामा भने समस्याहरु सृजना गरिदिएको छ । निम्न र मध्यम वर्गका महिलाले भोजपुरको राजनीतिक बृत्तमा सक्रिय भई योगदान पुऱ्याएका भए पनि महिला र पुरुषको बीचमा रहेको स्रोत र अवसरहरुको असमान वितरणले उनीहरुलाई राजनीतिक प्रतिनिधित्वको मार्गमा अवरोध गरिरहेको छ ।

## सामाजिक राजनीतिक आयाम र राजनीतिक प्रतिनिधित्व

सामाजिक र मानवीय क्रियाकलापको उपज नै राजनीति हो । मानिस राजनीतिबाट टाढा रहेपनि उसलाई राजनीतिका गतिविधिहरूले प्रभाव पारिरहेको हुन्छ । अर्थतन्त्रले राजनीतिलाई प्रत्यक्ष तथा परोक्ष प्रभाव पार्दछ (Kautilya, 1972, p. 13,14,73-89)। अर्थतन्त्रका माध्यमबाट उत्पन्न हुने सामाजिक अवस्थाको मुख्य पक्ष राजनीतिक आयाम हो । राजनीतिक विषय समाजको शक्तिसँग जोडिएको हुन्छ । जुन समूह वा वर्गको सामाजिक अवस्था सुदृढ छ, राजनीतिमा पनि त्यही वर्गको प्रभुत्व हुने गर्दछ (Hays, 1985)। नेपालमा अर्थतन्त्रको मुख्य विशेषता विप्रेषण अर्थतन्त्र र आयातमुखी बजारको परिधिमा पुरुषप्रधान मूल्यमान्यता, रीतिथिति, परम्परा र संस्कृतिमा परिवर्तन आउन नसक्नुले नेपाली महिलाहरू परनिर्भर र कमजोर अवस्थामा रहनुपर्ने बाध्यता रहेको अध्ययन क्षेत्रका राजनीतिकर्मी महिला कार्यकर्ताहरू बताउँछन् ।

नेकपा माओवादी केन्द्रकी जिल्ला तहकी कार्यकर्ता, हतुवागढी गाउँपालिकाकी उपाध्यक्ष सुनिता राईका अनुसार 'परम्परागत मूल्यमान्यता र संस्कृतिका कारण महिलाहरु अझै पितृसत्तात्मक सोच र व्यवहारले असुरक्षित छन् । समाजमा महिलालाई हेर्ने र गर्ने व्यवहार साँघुरो छ, महिला अहिले पनि नीति निर्माण तहमा अब्बल बन्न सकेका छैनन् । यो सवै पितृसत्ताको परिणाम हो र आज आर्थिक अवस्था अर्को चुनौती थपिएको छ । यस्ता यावत कारणले महिलाको राजनीतिक प्रतिनिधित्व देखावटी र कमजोर अवस्थामा छ ' (राई, वार्ता :

२०८१) । कूलीन र शक्तिशाली राजनीतिक परिवारका महिलाहरू आरक्षित कोटामा प्रतिनिधित्व गरिरहेकाले त्यस्ता महिला नेतृहरूसँग साधारण महिलाहरूले आफ्नो स्वार्थको पहिचान गराउन सक्दैनन् । फलस्वरूप त्यस्ता नेतृहरूको प्रतिनिधित्व कुनै न कुनै पुरुष नेताका छोरी, श्रीमती अथवा बुहारीका रूपमा भएको छ । यसर्थ नेपाली समाजमा पुरुषप्रधान परिधिको प्रभुत्वदायी भूमिका कायमै छ । कमजोर आर्थिक स्रोत भएका र सामान्य परिवारका राजनीतिकर्मी महिला कार्यकर्ताहरूले राजनीतिमा विविध समस्याहरू बीच चुनौतीहरुको प्रतिरोध गरिरहनु परेको छ । उनीहरूले गृहस्थीको कामकाजबाट फुर्सद निकालेर राजनीतिक दलका कार्यक्रमहरूमा हिड्नु पर्दछ । तर समाज र मुलुकले उनीहरूको उर्जाशील क्षमता, दक्षता, लगानी, अनुभव र योग्यताको उपयोग गर्न सकिरहेको छैन । राज्यसंयन्त्रका कार्यकारी राजनीतिक पद र नीतिनिर्माण गर्ने तहमा उनीहरूको प्रतिनिधित्व हुन नसक्दा आम महिलाहरूका मुद्धा, समस्या, भोगाई र स्वार्थहरूको पनि प्रतिनिधित्व हुन सक्दैन । सम्पन्न र शक्तिशाली राजनीतिक परिवारका कुलीन वर्गीय महिला र सामान्य महिलाको स्वार्थ फरक हुन्छ । जुन कुराको पुष्टि अध्ययन क्षेत्रका महिला कार्यकर्ताहरूबाट आएका धारणाहरूले प्रस्ट पार्दछ । उनीहरुको प्रतिनिधित्व अर्थतन्त्रसँग जोडिएकाले निम्न आय भएका महिलाका लागि राजनीति जटिल बन्दै गएको छ । राजनीतिक क्षेत्रमा महिला सक्रिय भएमा समाजमा विभिन्न कुरा काटेर उसको चरित्रहत्या गर्ने चलन यद्यपि छ । यस्तो अवस्थामा पनि महिलाहरू सङ्घर्ष गरेर आफ्नो घरगृहस्थीको कामबाट समय बचाएर राजनीतिमा लागेका छन् । यो चाहि नेपालको राजनीतिक आन्दोलनहरूबाट प्राप्त उपलब्धी हो ।

नेपालको राजनीतिक संस्कृति मुख्यतया पितृसत्तात्मक परिधिको वरिपरि छ, राजनीतिक दल र निर्णय गर्ने निकायहरुमा ऐतिहासिक पुरुष प्रभुत्व छ र यही संस्कृतिले लैङ्गिक पूर्वाग्रहलाई कायम राख्दछ र महिलालाई सक्रिय रुपमा राजनीति बृत्तमा निरुत्साहित गर्दछ । महिलालाई प्रायः पुरुषप्रधान सञ्जालहरु तोड्न र नेतृत्वको पदमा पुग्न चुनौतीपूर्ण छ । कानुनी रुपमा कोटा प्रणालीको व्यवस्था गरी महिला प्रतिनिधित्व सुनिश्चित गर्ने एक महत्वपूर्ण कदम हो । तर यसको कार्यान्वयनले प्रायः छायाँ प्रतिनिधित्वको परिणाम दिन्छ । जहाँ महिलाहरुलाई उनीहरुको राजनीतिक यात्राको लागि पर्याप्त समर्थन विना समानुपातिक (PR) सूचीमा राखिन्छ र त्यही प्रणालीको माध्यमबाट ३३ प्रतिशत कोटा परिपूर्ति गरिन्छ । जसले अधिक प्रभावशाली प्रत्यक्ष निर्वाचन (FPTP) प्रणालीमा क्षमतावान महिलाका अवसरहरुलाई सीमित गर्दछ । राजनीतिक र सरकारी संरचना भित्रका संस्थागत अवरोधहरुले महिलाको राजनीतिक सहभागितामा बाधा पुऱ्याउँदछ । सार्वजनिक संस्थाहरुमा लैङ्गिक संवेदनशीलताको कमी र महिला उम्मेदवारहरुलाई अपर्याप्त समर्थन समावेश छ । परिवर्तनका लागि संस्थागत प्रतिरोधले प्रायः यथास्थितिलाई कायम राख्दछ, जसले महिलाहरुलाई राजनीतिक परिदृश्यमा महत्वपूर्ण भूमिका निवार्ह गर्न जटिलता थप्दछ ।

नेपालले सन् १९९१ मा महिला विरुद्धका सवै प्रकारका भेदभाव उन्नमुलन गर्ने महासन्धि (CEDAW) जस्ता लैङ्गिक समानताको वकालत गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरुमा हस्ताक्षर गरेको छ (Dulal, 2020, p. 196)। त्यसै गरी सन १९९५ मा बेइजिङ्गमा भएको चौथो विश्व सम्मेलनमा नेपालले भाग लिएको थियो । महिला सशक्तीकरण र उनीहरुको अधिकार सुनिश्चित गर्न, बेइजिङ्ग प्लेटफर्मले आवश्यक १२ महत्वपूर्ण क्षेत्रहरु पहिचान गरेको छ (Dulal, 2020, pp. 194–195)। तर, यी प्रतिवद्धताहरुलाई राष्ट्रिय नीतिहरुमा अनुवाद र तिनको प्रभावकारी कार्यान्वयन पितृसत्तात्मक मूल्यमान्यताका कारण चुनौतीपूर्ण बनेको छ । अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु घरेलु कानून र अभ्यासहरुमा प्रतिविम्बित भएको सुनिश्चित गर्न महिलाको राजनीतिक प्रतिनिधित्वमा सुधार गर्न आवश्यक छ ।

राजनीतिक दलहरुले लैङ्गिक समानतालाई प्रवर्द्धन गर्नका लागि राजनीतिकर्मी महिला कार्यकर्ताहरुको क्षमता अभिबृद्धि कार्यशालाहरु, चुनाव प्रचारप्रसारका लागि वित्तकोष तथा आर्थिक सहयोग जस्ता आन्तरिक सुधारहरु अपनाउनु पर्छ । साथै संविधान संशोधन गरी चुनाव प्रचारप्रसार र खर्च ब्यवस्थापनका लागि स्रोतको उल्लेख गर्न आवश्यक देखिन्छ । तब मात्र निम्नमध्यम र निम्नवर्गका महिलाको शिक्षा, वित्तीय स्रोत र उद्यमशीलताका अवसरहरुमा पहुँचको माध्यमबाट आर्थिक सशक्तीकरणलाई प्रवर्द्धन गर्दै सामाजिक-आर्थिक असमानताहरुलाई सम्बोधन गर्नाले उनीहरुको राजनीतिक सहभागिता बढाउन सकिन्छ । राजनीतिमा महिलाले पुरुषसँग समानताका साथ संलग्न हुन आर्थिक स्वतन्त्रता महत्वपूर्ण छ । सञ्चार अभियान, शैक्षिक कार्यक्रमहरु र सामुदायिक पहलहरुले लैङ्गिक असमानता र भेदभावहरुलाई चुनौती दिन र महिला नेतृत्वको मूल्यलाई बढोत्तरी गर्न सकिन्छ । यी सामाजिक, राजनीतिक र संवैधानिक कारकहरुलाई सम्वोधन गरेमा नेपालले राजनीतिक बृत्तमा महिलाहरुको अर्थपूर्ण प्रतिनिधित्वलाई समर्थन र अभिबृद्धि गर्ने थप समावेशी राजनीतिक वातावरण सिर्जना गर्न सक्दछ ।

**निष्कर्ष**

नेपालमा महिला राजनीतिज्ञलाई सामाजिक-सांस्कृतिक मान्यता र मूल्यहरुले प्रतिनिधित्वको दायरालाई छायाँमा सीमित राखिएको छ । पुरुष नेताहरुले सामाजिक-राजनीतिक विमर्शलाई प्रभुत्व राख्छन् । समानुपातिक प्रणालीका माध्यमबाट प्रतिनिधित्व गर्ने महिलाको राजनीतिक प्रतिनिधित्व भए पनि उनीहरु आवाजविहिन प्रतिनिधित्व गरिरहेका छन । नेपालको आर्थिक निर्भरता, विशेषगरी विप्रेषण र आयात निर्भर बजार प्रणालीको परिधिले वर्ग र पितृसत्तात्मक संरचनालाई अझ बलियो बनाउँदछ, जसले महिलाहरुको राजनीतिक प्रतिनिधित्वलाई सीमित घेरामा राख्दछ । नेपालको आर्थिक संरचनाले सीमित आर्थिक अवसरहरुको सिर्जना हुँदा सक्षम र काम गर्ने उमेरका व्यक्तिहरु बैदेशिक श्रमबजारमा जान बाध्य छन् । यसले सम्भावित नेता र नेतृत्वका साथै सक्रिय जनशक्ति बञ्चित हुन पुग्दछ, जसले महिला राजनीतिक प्रतिनिधित्वका मुद्धालाई समर्थन र सहयोग गर्न सक्दथे । विप्रेषण रकम प्रायः

अव्यवहारिक सम्पत्तिमा लगानी भएको पाइन्छ, जसले आर्थिक विकास र रोजगारी सिर्जना गर्न सक्दैन ।

अर्थशक्तिको केन्द्रीकरणले आर्थिक स्रोतहरुमा पहुँच नभएका महिलाहरुलाई राजनीतिक प्रक्रियाबाट बाहिर राख्दछ । राजनीतिक दलहरु प्रायः महिलाहरुलाई समानुपातिक सूचीमा राख्दछन्, यसले केवल संवैधानिक कोटा र कानूनी प्रावधान मात्र पूरा गर्दछ तर दीर्घकालीन विकास र क्षमता विकासमा योगदान पुऱ्याउँदैन । स्थानीय उद्योगहरुको विकास र विस्तार गरी विप्रेषण र आयातमुखी निर्भरता घटाउनु पर्दछ । यसले स्थानीय रोजगारी सिर्जना गर्दछ र महिलालाई आर्थिक रुपमा सक्षम बनाउदछ । राजनीतिक दलहरुले आन्तरिक सुधारहरु गर्नुपर्दछ । जसमा महिला नेतृहरुलाई पार्टीका महत्वपूर्ण पदहरुमा जिम्मेवारी प्रदान गरी उनीहरुको राजनीतिक विकासमा लगानी गर्ने जस्ता नीतिहरु समावेश हुन आवश्यक छ । महिलाहरुलाई शिक्षाको पहुँचमा बढाउनु र राजनीतिक अभिबृद्धि गर्न आवश्यक छ । यसले उनीहरुको राजनीतिक संलग्नतालाई सुदृढ बनाउँदछ । संवैधानिक र कानूनी ब्यवस्थाहरुलाई पनि सुदृढ बनाउनु पर्दछ । योसँगै, महिलाहरुको राजनीतिक सहभागितालाई प्रोत्साहन गर्न संस्थागत संरचनाहरुलाई लैङ्गिक-संवेदनशील बनाउनुपर्दछ । सञ्चार माध्यमले पनि महिला नेतृहरुको सकारात्मक प्रतिनिधित्वको सञ्चार र जनचेतनामूलक अभिबृद्धि कार्यक्रमहरु उत्पादन र प्रशारण गर्नाले समाजमा लैङ्गिक समानताको महत्वलाई प्रष्ट्याउँन मद्दत गर्नेछ । नेपालको आर्थिक र सामाजिक संरचनामा सुधार नगरी महिलाहरुको वास्तविक राजनीतिक सशक्तीकरण सम्भव छैन । यी सुधारहरु लागू गरेर मात्रै नेपालले समावेशी र लोकतान्त्रिक समाजको निर्माणमा ठोस प्रगति गर्न सक्दछ ।

# सन्दर्भसामग्री सूची


Alan, G. (2003). *A critique of using grounded theory as a research method* (Vol. 2). Electronic Journal of Business research Method.

Aziz, B. N. (2001). *Heir to a Silent Song Two Rebel Women of Nepal*. Center for Nepali and Asian Studies, Kirtipur.

Baidya, P. (2023, September 14). *Impact of Armed Conflict in Women*. https://inseconline.org/en/forum/impact-of-armed-conflict-in-women/

Bhadra, C. (2022). *Gender and Justice in Nepal, Issue and Perspectives: Gender and Decision-Making: An Assessment of Prevailing Principles and Practices*. Friedrich –Ebert –Stiftung.

Butler, J. (1993). *Bodies That Matter: On the Discursive Limits of "Sex"*". Routledge.

*Collins English Dictionary*. (2023). https://www.collinsdictionary.com/dictionary/english/politics

Corbin, J., & Strauss, A. (2008). *Basic of Quakitative Research*. SAGE Publications.

Creswell, W. J., & Poth, N. C. (2018). *Qualitative Inquiry and Research Design* (Fourth Edition). SAGE Publications.

Dulal, T. D. (2020). Gender Mainstreaming: Policies at the National and International Level. *Journal of Population and Development, Patan Multiple Campus*. https://www.researchgate.net/publication/347235977_Gender_Mainstreaming_Policies_at_the_National_and_International_Level

Fraser, N. (2013). *Fortunes of Feminism: From State-Managed Capitalism to Neoliberal Crisis*. Verso Books.

Fisher, J. (1997). *Living Martyrs*. Oxford University Press.

Friedan, B. (1974). *The Feminine Mystique*. Dell Publishing Co. INC.

Hachhethu, K. (2007). Political Leadership in Nepal: Image, Environment and Composition. *Contributions to Nepalese Studies: Center for Nepal and Asian Studies*, *Vol. 34*(No.1).

Hays, S. P. (1985). Society and Politics: Politics and Society. *The Journal of Interdisciplinary History*, *15*(3), 481–499. https://doi.org/10.2307/204143

K. Murthy, R., & Kappen, M. (2017). *Gender Equality and Sustainable Development Goals: A Trainer's Manual*. https://doi.org/10.13140/RG.2.2.27972.83846

Kaini, P. D. (2008). *Women and Public Policy: Evaluating Programmes of Micro-Credit and Political Quotas in Nepal* (PHD Thesis , Centre for the study of Social Systems). Jawaharlal Nehru University.

Kautilya. (1972). *The Arthasastra. Penguin Books* (Rangarajan L.N). Penguin Books.

Kirkpatrick, C. (1969). *An Account of the Kingdom of Nepal*. Manjusri Publishing House.

Klugman, J. (2017). *Women Peace and Security Index*.

Lohani, L. R. (2023). *An Analysis of Relationship between Remittances and Imports of Nepal: Vol. Unpublished MA Thesis*. Central Department of Economics, Tribhuvan University.

Paxton, P., & Kunovich, S. (2003). *Political Representation: The Importance of Ideology: Vol. Vol. 82*. Social Forces.

Philips, A. (1995). *The Politics of Presence*. Oxford University Press.

Sapkota, M. (2024). Political Leadership of Women in Nepal: A Critical Observation from the Local Elections 2022. *Journal of Political Science*, 1–19. https://doi.org/10.3126/jps.v24i1.62850

Shaha, S. (2018). *A project of memoreality: Transnational development and local activism*. Social Science Baha, Himal Books.

Sinha, N. (1923). *The Vaisesika Sutras of Kanada*. Sudhinra Nath Basu, The Panini Office, Bhuvvneswari Asrama.

Thebe Limbu, S. (2023). *Nepal's house of cards: Are women included or co-opted in politics? – Martin Chautari*. https://www.martinchautari.org.np/blogs/766

Upreti, B., Upreti, D., & Ghale, Y. (2020). Nepali Women in Politics: Success and Challenges. *Journal of International Women's Studies*, *21*(2), 83. https://vc.bridgew.edu/jiws/vol21/iss2/8

Young, I. M. (2002). *Inclusion and Democracy*. Oxford University Press.

आप्टे, वामन, शिवराम, (१९६९), *संस्कृत हिन्दी कोश,* नरेन्द्रप्रकाश जैन, नई दिल्ली : मोतीलाल बनारसीदास, जैनेन्द्र प्रेस ।

नेपाल सरकार, (२०७२), *नेपालको संविधान,* : मकालु प्रकाशन गृह ।

तथ्याङ्क कार्यालय भोजपुर, (२०८०), *जिल्ला बस्तुगत विवरण,* : सिद्धकाली प्रिटीङ्ग प्रेस ।

## परिशिस्ट १

## अन्तरवार्ता सूची

नेकपा माओवादी केन्द्रकी कार्यकर्ता मनिका राईसँग मिति (२०८१ जेष्ठ ३) गते लिएको अर्न्तवार्ताबाट ।

नेपाली काँग्रेसकी कार्यकर्ता निर्मला खड्कासँग मिति(२०८१ जेष्ठ ५) मा लिएको अर्न्तवार्ताबाट ।

नेकपा एमालेकी कार्यकर्ता मेरिका राईसँग मिति (२०८१ जेष्ठ ४) मा लिएको अर्न्तवार्ताबाट ।

नेकपा माओवादी केन्द्रकी कार्यकर्ता सुनिता राईसँग मिति (२०८१ जेष्ठ ७) गते लिएको अर्न्तवार्ताबाट ।

नेकपा एमालेकी कार्यकर्ता जानुका सूयलसँग मिति (२०८१ जेष्ठ ७) गते लिएको अर्न्तवार्ताबाट ।

नेपाली काँग्रेसकी कार्यकर्ता मनकुमारी राईसँग मिति (२०८१ जेष्ठ ३) मा लिएको अर्न्तवार्ताबाट ।